# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भगवतीमाई गाउँपालिका
## दैलेख

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भगवतीमाई गाउँपालिका
## दैलेख

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

भगवतीमाई गाउँपालिका

दैलेख

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली प्रदेश ।

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. १०९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

भगवतिमाई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दैलेख ।

१. **कैफियत सहितको राय** — हामीले भगवतिमाई गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ३२ लाख ९० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.५५ लाख ४७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४८ लाख ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९८ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु.४ लाख ८२ हजार र पेश्की बाँकी रु.२५ लाख ९० हजार समेत रु.१ करोड ७७ लाख ४४ हजार रहेको छ । भगवतिमाई गाउँपालिकाको गतवर्ष सम्म रु.१३ करोड ६१ लाख ३१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु.१३ करोड १४ लाख १५ हजार रहेको छ । भगवतिमाई गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने भगवतिमाई गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी भगवतिमाई गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

भगवतिमाई गाउँपालिका,

दैलेख ।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६५ | १७२ | २३२९० | ० | ५ | ५५४७ | ६५ | १६७ | १७७४४ | ४८०५ | ४८२ | ९८६७ | ० | ० | १५१५४ | २५९० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दैलेख | १३६१३१ | ० | ३०४८९ | १०५६४२ | ८०३० | १७७४४ | १३१४१५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **आर्थिक वर्ष २०७९।८०** | | | | |
| १. | | ६४.२ | कार्यसम्पन्न प्रतिवेदन पेश नभएको | ३५२० |
| २. | | ६९ | भवन निर्माणको असूल गर्नुपर्ने | ७११ |
| ३. | | ९१ | कृषि समूह अनुदान | १२५० |
| ४. | | ९५ | बिल भरपाई नभएको | ६६ |
| | **जम्मा रु** | | | **५५४७** |
| **आर्थिक वर्ष २०७८।७९** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५. | | विभिन्न दफा | नाम्स प्रणालीमा उल्लेख भए अनुसार | २०९४१ |
| | **जम्मा रु** | | | **२०९४१** |
| | | **आर्थिक वर्ष २०७७।७८** | | |
| ६. | | विभिन्न दफा | नाम्स प्रणालीमा उल्लेख भए अनुसार | ४९९२ |
| | **जम्मा रु** | | | **४९९२** |
| | | **आर्थिक वर्ष २०७६।७७** | | |
| ७. | | १५ | कोष संचालन सम्बन्धी कार्यविधि तयार गरी नियमिति गरिएको | ५१७ |
| ८. | | २४ | पदाधिकारी सुविधा पाउने आधार सहित नियमित गरिएको | ११४० |
| ९. | | ६१ | स्यानीटरी प्याड वितरण भरपाई पेश | २९२ |
| १०. | | ७५ | खाद्य सुरक्षा सम्बन्धी प्रतिवेदन पेश | १६८२ |
| ११. | | १०६ | सोझै खरिद सम्बन्धमा प्रमाण पेश गरेको | १५० |
| १२. | | ६४ | विद्यालयलाई भुक्तानी गरिएको रकमको हिसाब मिलान पेश | ३४ |
| | **जम्मा रु** | | | **३८१५** |
| | | **आर्थिक वर्ष २०७४।७५** | | |
| १३. | | २२ | पेश्की फस्र्यौट नभएको | ७४१ |
| | **जम्मा रु** | | | **७४१** |
| | **कुल जम्मा** | | | **३६०३६** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१

**(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३७ सभा सदस्य, १५१.५२ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ७ सय १८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।१ देखि २०८०।१०।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको समेत रु. १,०५,३०,५३,१३३/५० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८२,३००/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क सं | विवरण | व्यहोरा | असूली रकम |
|---|---|---|---|
| १ | चिपिन सामुदायीक स्वास्थ्य इकाई भवन निर्माण पेश्की | सञ्चित कोष दाखिला | ७९६०० |
| २ | बखत बहादुर खड्का र विकास जि सी को पारिश्रमिक कर | दाखिला | २७०० |
| | जम्मा | | ८२३०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ती र भुक्तानी विवरण | | |
|---|---|---|
| विवरण | बजेट | यथार्थ |
| प्राप्ती (क+ख) | ५३४७६०४६६.५ | ४६९३२७४४८.४८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ५२५७०८३१४ | ४५७६२८००५.९८ |

| | | |
|---|---|---|
| कर | ८९६४८३१४ | ७२३११३२६.६२ |
| अनुदान | ४१३३६१००० | ३८१६९१७६० |
| संघीय सरकार | ३६११२०००० | ३३८६२७६५८ |
| प्रदेश सरकार | ४४७८६००० | ४३०६४१०२ |
| जनसहभागिता | ७४५५००० | ० |
| अन्य राजस्व | ३७८२००० | ३६२४९१९.३६ |
| विविध प्राप्ति | ४०००00 | ० |
| वित्तीय सम्पत्ति | १८५१७००० | ० |
| ख. अन्य प्राप्ति | ९०५२१५२.५ | ११६९९४४२.५ |
| कोषहरु | ९०५२१५२.५ | ७४८७४०१.५ |
| धरौटी | ० | ४२१२०४१ |
| भुक्तानी (ग+घ) | ५३५०२३४६६.५ | ४५५०६१८६३.३८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५२५९७१३१४ | ४४५३८०५२०.३८ |
| पारिश्रमिक / सुविधा | ६९९७६४४० | ६२९४१४४१ |
| मालसामान तथा सेवाको उपयोग | १७८६९४३६० | १५९५९८५१० |
| सहायता (Subsidy) | ६६८४१००० | ५४७२९४६७ |
| सामाजिक सुरक्षा | ५६७७००० | २९७५८०४ |
| अन्य खर्च | १७९७००० | १७४१४३६ |
| गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २०२९८५५१४ | १६३३९३८६२.३८ |
| घ. अन्य भूक्तानी | ९०५२१५२.५ | ९६८१३४३ |
| कोषहरु | ९०५२१५२.५ | ७३९८६९३ |

| | | |
|---|---|---|
| धरौटी | ० | २२८५१२८ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -२,४७८.०० |
| ङ. यो वर्षको बचत (न्युन) | -२६३००० | १४२६५५८५.१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५३५७२६०८.४४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | -२६३००० | ६७८३८१९३.५४ |
| बैंक तथा नगद बाकी | | ६४९७५३३४.५४ |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३३६००१०२३ | गरिबसँग विश्वेश्वेर कार्यक्रम | ४६५००० | ४६३००० | ४६३००० |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ८२७५३००० | ८१८१०३६६ | ८१८१०३६६ |
| जम्मा रु | | ८३२१८००० | ८२२७३३६६ | ८२२७३३६६ |

**प्रदेश लेखा इकाईबाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | कार्यक्रम | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| ३१४०००११३ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९१२००० | ८८८००० | ८८८००० |
| ३०१९११२१३ | प्रदेश तथा स्थानीय शासन सहयोग | ७६१७००० | ७३५५६०६ | ७३५५६०६ |
| ३५००००११४ | सामाजिक विकास मन्त्रालय | १०००००० | ९६०००० | ९६०००० |
| जम्मा रु | | ९५२९००० | ९२०३६०६ | ९२०३६०६ |

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनगर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८,१८,१०,३६६, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४,६३,०००/-, आन्तरिक मामिला तथा कानून मन्त्रालयको रु. ८,८८,०००/-, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु. ७३,५५,६०६/- र सामाजिक विकास मन्त्रालयको रु. ९,६०,०००/- समेत गरी रु. ९,१४,७६,९९२/- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

---

२.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार गत वर्षको अन्तिम मौज्दात रु. ५,१३,०९,७४९/४४ रहेकोमा यो वर्ष शुरु मौज्दात रु. ५,३५,७२,६०८/४४ जिम्मेवारी सारेको देखिएकोले बढी जिम्मेवारी सारेको रु. २२,६२,८५९/- को सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

---

२.४ **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. २,६६,६०,६६६/२ यस वर्षको प्राप्ति रु. ९,०९,९२,५७७/- यस वर्षको भुक्तानी रु. १०,९३,२०,१५३/०८ र बैङ्क मौज्दात रु. ४,४९,८८,२४२/२८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | २,६९,११,९४२/२४ | ५६,०३,२०,०२५/४८ | ५६४३८२०१६/ ४६ | २,२८,४९,९५१/२६ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ५,३५,७२,६०८/४४ | ४६,९३,२७,४४८/४८ | ४५,५०,६१,८६३/३८ | ६,७८,३८,१९३/५४ |
| फरक | २,६६,६०,६६६/२ | ९,०९,९२,५७७/- | १०,९३,२०,१५३/०८ | ४,४९,८८,२४२/२८ |

---

२.५ **बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार रु. १,७६,४१,२३३/०८ फरक परेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २,८१,६८,८२२/८४ | १,०५,२७,५८९/७६ | १,७६,४१,२३३/०८ |
| विविध खर्च खाता | ५,०७,५५७/५० | ५,०७,५५७/५० | |
| विविध कोष खाता | १३,७१,४७७ | १३,७१,४७७ | |
| विपद व्यवस्थापन खाता | १७,४१९ | १७,४१९ | |
| धरौटी मौज्दात | १,०४,७५,९०८ | १,०४,७५,९०८ | |
| जम्मा | ४,०५,४१,१८४/३४ | २,२८,९९,९५१/२६ | १,७६,४१,२३३/०८ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ । श्रेस्ता भन्दा बैंकमा घटी देखिएको रकम रु. १,७६,४१,२३३/०८ अनुसूची-२१ को सञ्चित कोष फिर्ता गर्नु पर्ने रकम सुत्रबाट नघटेको जानकारी प्राप्त भएको छ ।

---

२.६ **शसर्त अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन ( म.ले.प.फा.नं २७२ ) को अनुसूची २१ फिर्ता गर्न बाँकी अनुदान अनुसार संघिय सशर्त अनुदान रु.१,५०,५०,२३५/०८ मिति २०८०/४/७ मा फिर्ता गरिएको छ भने प्रदेश अनुदान तर्फ फिर्ता गर्नु पर्ने रकम रु.२५,९०,९९८/- मध्ये रु. १५०००/- मिति २०८०/४/१ मा र रु.२५,७५,९९८/- मिति २०८०/४/५ मा मात्र फिर्ता गरेको देखिन्छ । खर्च हुन नसकि बाँकी रहेको शसर्त अनुदानको रकम समयमै सम्बन्धित सञ्चित कोषमा फिर्ता गरिनु पर्दछ ।

---

## ३ बजेट पेश पारित र अख्तियारी -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०७९/३/१० मा रु. ४६ करोड ९७ लाख ८४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९ असार ३० मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०७९/४ /५ मा मात्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी तोकिएको समय भित्र प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्नुपर्दछ ।

---

## ४ खर्च विश्लेषण -

गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. ४६,४३,५६३/५६ राजस्व बाँडफाँटबाट रु. ७,१३,८२,४६८/४२ र अनुदानबाट रु. ३८,१६,९१,७६०/- समेत रु. ४५,७७,१७,७९१/९८ आम्दानी भएकोमा गत वर्षको मौज्दात समेतबाट चालु तर्फ रु. २८,१९,८६,६५८ र पूँजिगत तर्फ रु. १६,३३,९३,८६२/३८ समेत रु. ४४,५३,८०,५२०/३८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.०४ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ३१ लाख ३० हजार खर्च भएको छ जुन आन्तरिक आयको ६७.४१ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट प्रतिशत चालु र प्रतिशत पूँजिगत खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

---

## ५ योजना तथा बजेट कार्यान्वयन -

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१६ करोड ३३ लाख ९३ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.४५ लाख १४ हजार, दोश्रो त्रैमासिकमा रु.१ करोड ३० लाख ८६ हजार, तेश्रो त्रैमासिकमा रु.३ करोड ८२ लाख ८८ हजार, चौथो त्रैमासिकमा रु.१० करोड ७५ लाख ५ हजार र असार महिनामा मात्रै रु.६ करोड ३५ लाख ७ हजार खर्च भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु निर्माण परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१७ करोड ७ लाख ४८ हजारको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. २ करोड ६८ लाख ८६ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ५.७२ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिंदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

---

६ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन समावेशी, विकास दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार कुल १४७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र सं | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका | रु.५ लाख देखि २० लाख सम्म | रु.५लाख भन्दा कम |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ७७ | २३ | ३४ | २० |
| २ | वडास्तरीय | ७० | ० | २६ | ४४ |
| जम्मा योजना | | १४७ | २३ | ६० | ६४ |
| कार्यान्वयन नभएका | | ५ | १ | २ | २ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । स्वीकृत योजना मध्ये ५ योजना कार्यान्वयन नभई बाँकी रहेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

---

७ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च (प्रतिशतमा) |
|---|---|---|---|
| आर्थिक विकास | ३,४२,७७,०००/- | २,७४,६५,०२८/- | ६.१७ |
| सामाजिक क्षेत्र | २४,०८,८६,०००/- | २१,३०,९९,३७८/५२ | ४७.८५ |
| पूर्वाधार विकास क्षेत्र | १६,०१,५९,५१४/- | १२,८८,२९,११५/४० | २८.९३ |
| सुशासन तथा अन्तरसम्बन्धित | २,७६,११,८००/- | २,१६,९१,८१६/५० | ४.८६ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ६,३०,३७,०००/- | ५,४२,९५,१८१/९६ | १२.१९ |
| जम्मा | ५२,५९,७१,३१४/- | ४४,५३,८०,५२०/३८ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबै क्षेत्रमा सन्तुलित रुपमा खर्च भएको छैन ।

---

८ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अतः बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

---

९ **वार्षिक लक्ष्य तथा प्रगति -**

कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका योजनाहरुको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गरिनुपर्दछ । पालिकाले वार्षिक लक्ष्य तथा प्रगतिको विवरण पेश गरेको छैन । चौमासिक र बार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

---

## १० सेवा प्रवाहको स्थिति -

पालिकाबाट यो वर्ष जन्म दर्ता ९७६ वटा, मृत्यु दर्ता ११५ वटा, बसाइँसराइ १२४ वटा, विवाह दर्ता २६९ वटा र सम्बन्ध विच्छेद ४ वटा गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग नगरेको कारण सेवा प्रवाह झन्झटिलो र ढिलो भएको देखिएको छ । सूचना प्रविधिको उच्चत्तम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

---

## ११ दरवन्दी पदपूर्ति -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ जना दरबन्दी स्वीकृत रहेकोमा संघबाट समायोजन भई आएको २ जना साविक स्थानीय निकायमा कार्यरत २ जना र नयाँ पदपुर्ति भएका ४४ जना गरी ४६ जनाको पदपूर्ति भएको र ९ जना रिक्त रहेको प्राप्त विवरणबाट देखिन्छ । विषयगत कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पुर्ति नहुँदा कार्य सम्पादनमा असर परेको देखिन्छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

---

## १२ कर्मचारी करार -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले यो वर्ष सेवा करारमा रहेका ३५ जना व्यक्तिका लागी रु. ९९ लाख ८७ हजार खर्च गरेको देखिन्छ । स्थायी दरबन्दीमा लोकसेवाबाट पदपुर्ति गरी अस्थायी दरबन्दीमा सेवा करारबाट कर्मचारी पुर्ति गरिनु पर्दछ ।

| **क्र.सं.** | **पद** | **कर्मचारी संख्या** | **यस वर्षको खर्च** |
|---|---|---|---|
| १ | मेडिकल अधिकृत | १ | ११५०७७८ |
| २ | ईन्जिनियर | १ | ५०७३०४ |
| ३ | स.क.अपरेटर | २ | १४९००० |
| ४ | सव ईन्जिनियर | २ | ८०५६९० |
| ५ | इलेक्ट्रिसियन | १ | ४०७७८० |
| ६ | फार्मेसी | १ | ५२२७३० |
| ७ | स्टाप नर्स | २ | १०४५४६० |

| | | | |
|---|---|---|---|
| ८ | अ.न.मि. | ४ | १०९६००० |
| ९ | अ.स.ई. | २ | ८०५४०० |
| १० | हे.स.चा. | १ | ३९६१०० |
| ११ | ह.स.चा. | २ | ६९०८०० |
| १२ | सहजकर्ता | १ | २५०००० |
| १३ | चौकीदार | १ | २२०००० |
| १४ | सारसफाईकर्ता | २ | १८०००० |
| १५ | कार्यालय सहयोगी | १२ | १७६०००० |
| जम्मा | | ३५ | ९९८७०४२ |

१३ **वार्षिक प्रतिवेदन -**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१४ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४ ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१५ **आन्तरिक नियन्त्रण व्यवस्था -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको छ । यसको प्रभावकारी कार्यान्वयन गर्न सकिएको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता वापत रु. २२ लाख १८ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय/व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत जना ४६ कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत सम्पन्न हुने मिति, लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. ५ लाख २६ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. १६ लाख ६४ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री, तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता नवीकरण शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

१६ **न्यायिक समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यसतै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाको न्यायिक समितिमा यो वर्ष दर्ता भएका ३० वटा मुद्दा मध्ये मेलमिलापको माध्यमबाट २६ वटा फर्छ्यौट भइ ४ मुद्दा फर्छ्यौट हुन बाँकी रहेको विवरण प्राप्त भएको छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायिक समितिले बार्षिक प्रतिवेदन गरेको देखिएतापनि ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

---

१७ **ऐनको कार्यान्वयन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८ (५) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन।यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

---

१८ **कानून निर्माण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई

कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ ।पालिकाले हालसम्म २५ वटा ऐन, ९ वटा नियमावली र ५१ वटा कार्यविधि, निर्देशिका र मापदण्ड गरी जम्मा ८५ वटा कानुन, नियम र निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराएकोमा यस वर्ष १२ वटा कानून निर्माण गरेको विवरण प्राप्त भएको छ ।

| क्र.सं. | कानून | पारित मिति | प्रमाणिकरण मिति | राजपत्रमा प्रकाशित |
|---|---|---|---|---|
| १ | शिक्षा (आधारभूत तथा माध्यामिक) तह ऐन, २०७९ | ११/२५/२०७९ | ११/२५/२०७९ | ११/२५/२०७९ |
| २ | विनियोजन ऐन २०८० | ०३/१०/२०८० | ०३/१०/२०८० | ०३/१०/२०८० |
| ३ | आर्थिक ऐन २०८० | ०३/३०/२०८० | ०३/३०/२०८० | ०३/३०/२०८० |
| ४ | कन्टिन्जेन्सी खर्च रकम व्यवस्थित गर्ने कार्यविधि , २०७९ | ०५/०५/२०७९ | ०५/०५/२०७९ | ०५/०५/२०७९ |
| ५ | युवा परिषद कार्यविधि, २०७९ | ०७/२३/२०७९ | ०७/२३/२०७९ | ०७/२३/२०७९ |
| ६ | एकल पुरुष संरक्षण कार्यविधि, २०७९ | ०८/२८/२०७९ | ०८/२८/२०७९ | ०८/२८/२०७९ |
| ७ | कृषि तथा पशुपंक्षी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि , २०७९ | ०८/२८/२०७९ | ०८/२८/२०७९ | ०८/२८/२०७९ |
| ८ | द्वन्द्व प्रभावित परिवारलाई सहायता कार्यविधि , २०७९ | ०८/२८/२०७९ | ०८/२८/२०७९ | ०८/२८/२०७९ |
| ९ | आधारभुत तह परीक्षा कार्यविधि, २०७९ | ०९/१५/२०७९ | ०९/१५/२०७९ | ०९/१५/२०७९ |
| १० | वास व्यवस्थापन कार्यविधि, २०७९ | ११/२४/२०७९ | ११/२४/२०७९ | ११/२४/२०७९ |
| ११ | आधारभुत अस्पताल सञ्चालन कार्यविधि , २०७९ | ०१/२९/२०८० | ०१/२९/२०८० | ०१/२९/२०८० |
| १२ | मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि , २०७९ | २०८०/ ०२ / ३२ | २०८०/ ०२ / ३२ | २०८०/ ०२ / ३२ |

## १९ सार्वजनिक खरिद -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ ले वार्षिक रु १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ। यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७ करोड ७ लाख ४८ हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

## २० म्याद ननाघेको पेश्की -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ७ नं. वडा कार्यालय भवन निर्माण वापत तुलसी जे. डि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. लाई रु. २०,५४,०००/- पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | फछ्यौंटको म्याद | रकम |
|---|---|---|---|---|
| गाउँपालिका पुँजीगत | | | | |
| ०३/२३/२०८० | ७ नं. वडा कार्यालय भवन निर्माण | तुलसी जे. डि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ०४/२७/२०८० | १०३९७५० |
| संघिय शसर्त अनुदान पुँजीगत | | | | |
| ०३/२३/२०८० | ७ नम्बर वडा कार्यालय भवन निर्माण | तुलसी जे. डि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ०४/२७/२०८० | ९६०२५० |
| जम्मा | | | | २०५४०००० |

२१ **म्याद नाघेको पेश्की -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई म्याद नाघेको देखिन्छ । उक्त पेश्की रु. २५,९०,०००/- फस्यौंट गर्न बाँकी रहेकोले नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | फछ्र्यौटको म्याद | रकम |
|---|---|---|---|---|
| ०८/२१/२०७९ | ३ नं. वडा कार्यालय भवन निर्माण | भगवतिमाइ कन्स्ट्रक्सन एण्ड रोशन निर्माण सेवा | ०९/२७/२०७९ | २२४०००० |
| १२/२९/२०७९ | खानेपानी आयोजनाको धारा निर्माण | रानीचौर टोल विकास संस्था | ०२/०३/२०८० | १५०००० |
| ०२/०१/२०८० | भोटाडाँडा-माग्ले सडक निर्माण | रमाला वज्यै टोल विकास सस्था | ०३/०४/२०८० | २००००० |
| जम्मा | | | | २५९०००० |

| | |
|---|---|
| पेश्की | २५,९०,००० |

२२ **कल्याण कोष -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।पालिकाले विगत देखी कल्याण कोषमा रु. ११,५९,३०६/- मौज्दात रहेकोमा यो वर्ष रु. २,४०,५२६/- थप गरेको र यस वर्ष अवकाश हुने कर्मचारीका लागी रु. ४,५२,६४४/- खर्च गरी रु. ९,४७,१८८/- बाँकी रहेको देखिन्छ ।

२३ **धरौटी फिर्ता -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले रुमानी निर्माण सेवाको धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको मुल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरी धरौटी फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.नं।मिति | फर्म नाम | धरौटी फिर्ता रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २।२०७९।०६।०२ | राम चन्द्र निर्माण सेवा | १४४७७० |
| ५।२०७९।०७।०३ | सत्यवती निर्माण सेवा | ४४३०७ |
| ६।२०७९।०७।०३ | थापा निर्माण सेवा | ४१८१३ |
| २३।२०७९।०८।२३ | एम. डि. के.दाजुभाई निर्माण सेवा | २०९०० |
| २३।२०७९।०८।२३ | माउण्ट सिभालीक ईन्फ्रास्ट्रक्चर प्रा.लि. | २१०८० |
| १४।२०७९।०८।२९ | चन्द निर्माण सेवा | १८०००० |
| १५।२०७९।१०।२० | विशेष ईन्टर प्राईजेज | ३२३६६ |
| १८।२०७९।११।२५ | सत्यवती निर्माण सेवा | १५३३०० |
| २१।२०७९।१२।१४ | मिराकल ईन्टर प्राइजेज प्रा.लि. | ६८६०० |
| जम्मा | | ७०७१३६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,०७,१३६ |

## २४ विपद व्यवस्थापन -

२४.१ **समिति गठन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

२४.२ **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित

क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

२४.३ **विपद् व्यवस्थापन कोष -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले कोषमा ५ लाख आम्दानी जनाई ४ लाख खर्च गरेको छ । पालिकाले कोष संचालन गर्ने सम्बन्धमा ऐन नियम कार्यविधि एंव मापदण्ड तयार गरेको भएतापनि कार्यविधि अनुसार संचालन गरेको पाईएन । कार्यविधि बमोजिम कोष संचालन गर्नुपर्दछ ।

२५ **कर तथा शुल्क असूली -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२६ **राजस्व अभिलेख -**

कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा विवरण सहित नगद जम्मा भएको प्रमाण पालिकामा आएको देखिएन । अघिल्लो आर्थिक वर्षको रसिद बाँकी के कति छन यकिन भएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । राजस्व असूल एवं दाखिला सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

२७ **राजस्व दाखिला -**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार

तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत वडा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

२८ **दायित्व दाखिला गर्न बाँकी -**

कुनै व्यक्ति तथा फर्मलाई भुक्तानी दिँदा कट्टी गरेको कर, धरौटी लगायतका दायित्वहरु समयमै सम्बन्धित खातामा दाखिला गर्नु पर्दछ । पालिकाको वित्तीय विवरणमा कट्टी गरेको दायित्व मध्ये रु. २४७८/- सिस्टमबाट भौचर जेनेरेट नै नगरी दाखिला गर्न बाँकी देखिएकोमा उक्त दायित्व रकम सम्बन्धित खातामा दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४७८ |

२९ **नवीकरण शुल्क -**

पालिकाको घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तीन महिना भित्र संघ, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास वुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ । पालिकामा इजाजत पत्र लिएका तोकिएको भन्दा ढिला गरी नवीकरण गर्ने निर्माण व्यवसायीलाई थप नवीकरण दस्तुर लिएको पाइएन ।कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्मण इजाजत पत्रको विवरण अद्यावधिक राखी उक्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ ।

३० **विविध खर्च खाता -**

नेपाल दूरसञ्चार प्राधिकरण र गाउँपालिका बिच भएको सम्झौता बमोजिम पालिका भित्र रहेका २४ वटा विद्यालयहरुलाई इन्टरनेट सुविधा उपलब्ध गराउने कार्यक्रम अन्तर्गत विद्यालयले सेवा प्रदायक निकायबाट इन्टरनेट डिभाइस खरिद गरेको र वार्षिक नेटचार्जको बिल पेश गरेका आधारमा पालिकाले विद्यालयको नाममा रकम निकासा दिनु पर्ने उल्लेख छ । भौ.नं. ६/२०८०/१/८ बाट २० वटा विद्यालयहरुलाई प्रति विद्यालय डिभाइस वापत रु. ५५,०००/- र वार्षिक नेटचार्ज वापत रु. १८,९००/- गरी जम्मा रु. ७३,९००/- का दरले निकासा दिएकोमा सेवा प्रदायक साङ्ग्रिला इन्फर्मेटिक्स प्रा.लि. ले सरस्वती आधारभूत विद्यालय, कट्टी मा इन्टरनेट डिभाइस जडान गरे वापत रु.५५,०००।- र वार्षिक नेटचार्ज वापतको रु.१८,९००।- बिल जारी गरेको देखिएन । डिभाइस खरिद नै नगरी उक्त विद्यालयलाई निकासा दिएको रु.७३,९००।- रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,९०० |

३१ **खरिद कारबाहीको अभिलेख -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजिनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

३२ **उपभोक्ताको काम -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ।पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

३३ **प्राविधिक बिल -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल

बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। साथै नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

३४ **निर्माण कार्यको गुणस्तर -**

उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्नै, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँपालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

३५ **उपभोक्ता समितिको बिल भरपाई -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो। नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन। यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

३६ **जटिल संरचना निर्माण -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ७ वटै वडामा विद्युतीकरणको कार्य उपभोक्ता समितिहरु मार्फत् गराएको देखियो । यस्तो जोखिमपूर्ण कार्य व्यावसायिक र अनुभवी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

३७ **हेभी इक्युपमेन्ट प्रयोग -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर,रोलर,डोजर,ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था छ । तर पालिकाले लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको तथा हेभी मेसिन प्रयोग गर्न सार्वजनिक निकायले सहमति समेत नदिएको अवस्थामा समेत हेभी मेसिन प्रयोग गरी कार्य गराएको देखिन्छ । नियममा भएको व्यवस्था वेगर उपभोक्ता समिति मार्फत कार्य गरउँदा हेभी इक्युपमेन्टको प्रयोग गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

---

३८ **आइटम वाइज योगदान -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अतः नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

---

३९ **बिमाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले २० लाखभन्दा बढीका विद्युतीकरण लगायतका निर्माण कार्यहरु वीमा नै नगराइ गराएको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ कार्यालयको ध्यान दिनुपर्दछ ।

---

४० **पेश्की रकमको विवरण -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिका बाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा

पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

४१ **पाइप खरिद -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । भौ.नं. २०९/२०८०/३/१३ बाट पञ्चकोशी भाँडा पसलबाट ४० एमएमको १४०० मिटर र ३२ एमएमको ५०० मिटर पाइप खरिद गरे वापत रु. २४०२६६/- भुक्तानी गरेकोमा उक्त पाइप कार्यालयको जिन्सी खातामा दाखिला भएको देखिएन । साथै उक्त पाइप कुन योजनाका लागी खरिद गरिएको हो एकिन भएन । खरिद गरेको पाइप वितरण वा जडान भएको प्राविधिक नाँपजाँच समेत नदेखिएकाले खरिद गरिएको पाइप जिन्सी दाखिला वा जडान गरेको प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४०,२६६ |

४२ **चक्रपथ निर्माण -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिलको भुक्तानी प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं १ देखि वडा नं ७ सम्म मिति २०८०।०३।१५ भित्र चक्रपथ (चेनेज ०+०००-०+०९० सम्म) निर्माण गर्न शिलबन्दि दरभाउपत्रमार्फत न्यून कबोल गर्ने भगवतीमाई कन्स्ट्रक्सनसँग रु.११,५८,५३२/- को सम्झौता गरेको छ । उक्त निर्माणको लागि बाटोको माटो काट्ने काम जम्मा ५९५.८४ घनमिटर गरेकोमा ८५ प्रतिशत वा ५०६.४५ घनमिटर कडा माटो खनेको र २४ प्रतिशत वा १४३ घनमिटर कडा चट्टान कटान गरेको नापि गरेको छ । यसरी ९ प्रतिशत वा ५३.६२ वढि चट्टान काटेको नापीमा उल्लेख गरी रु.५५० को दरले वढि भुक्तानी भएको रकम मूल्य अभिवृद्धिकर सहित असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,३२४ |

४३ **सहडे जुगेपानी पहरा पानी मनधरा खानेपानी तथा सरसफाई आयोजना -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम अवधि सम्म म्याद थप गर्न सकिने व्यवस्था छ । पालिकाले सहडे जुगेपानी पहरा पानी मनधरा खानेपानी तथा सरसफाई आयोजना संचालनको लागि संघीय विशेष अनुदान रु.१,००,००,०००/- प्राप्त भएकोमा रु. ३९,५२,७३३ खर्च गरेको छ । आयोजना संचालनको लागि पहिलो ठेक्का रु.९६,३३,३४९/- को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा संघन निर्माण सेवाले रु.४९,८६,०३६/- मा उक्त आयोजनाको काम २०८० जेष्ठ २९ गते सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेको देखियो । पालिकाले उक्त आयोजनाको म्याद २०८०।०३।२३ सम्मको लागि थप गरे पनि प्रथम रनिङ बिल वापत रु.१,७६,६७१/- र अन्तिम रनिङ उल्लेख गरी रु.२१,२२,०६२/- भुक्तानी गरेको देखियो । उक्त योजनाको कार्य सम्पन्न प्रतिबेदन समेत तयार गरेको देखिएन । तसर्थ उक्त योजनाको म्याद थप गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

४४ **एज विल्ट नक्सा पेश नभएको -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) बमोजिम खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिम एज बिल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । ठेक्का नं. ०८/०७८/७९ चिपिन सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण कार्यका निर्माण व्यवसायी जि.वाई. कन्स्ट्रक्सनले भौ.नं. २५३/२०८०/३/२४ बाट अन्तिम बिल वापत रु. ३४३१८३४/- भुक्तानी लिँदा सम्झौताको बिओक्यूमा एज बिल्ट नक्सा वापत रु. १५०००/- राखी भुक्तानी गरेको देखिन्छ । तर निर्माण व्यवसायीले हालसम्म एज बिल्ट नक्सा पेश गरेको देखिएन । एज बिल्ट नक्सा पेश नगरी भुक्तानी लिएको उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

४५ **ननफाइलर -**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट देहायका फर्मलाई मू.अ.कर रु.१७,६९,०७८/- समेत रु.१,४६,८३,३९३/- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| भौनं. र मिति | भुक्तानी पाउनेको नाम | मूअकर नं. | भुक्तानी रकम | मुअकर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| २०/२०७९/९/२६ | सत्यवती निर्माण सेवा | ६०५७३४६१६ | १७००००० | १९५५७५ | २०८० जेठ |
| ३९/२०७९/११/२ | जि आइ कन्स्ट्रक्सन | ६०३५४६८४८ | ३१९६२०६ | ३६७७०५ | २०७९ चैत्र |
| ११६/२०८०/१/२५ | जि आइ कन्स्ट्रक्सन | ६०३५४६८४८ | १५८९५८२ | २६६८५४ | २०७९ चैत्र |
| २५३/२०८०/३/२४ | जि आइ कन्स्ट्रक्सन | ६०३५४६८४८ | ३४३१८३४ | ३९३०८७ | २०७९ चैत्र |
| २५५/२०८०/३/२४ | जि आइ कन्स्ट्रक्सन | ६०३५४६८४८ | ४८२२६९ | ५५४८२ | २०७९ चैत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| २/२०७९/६/४ | ग्रेस इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ६०९६८७८९९ | ४०७५२३ | ४६८८३ | २०७९ मंशिर |
| ९/२०७९/६/७ | निशान चन्द्र जे.भी. | ६१५९५९२१४ | २००००००० | २३००८८ | २०७९ चैत्र |
| ९/२०७९/९/२६ | निशान चन्द्र जे.भी. | ६१५९५९२१४ | १८१२०००० | २०८४६० | २०७९ चैत्र |
| २७/२०८०/३/२४ | कौशल स्टोर्स एण्ड अर्डर सप्लायर्स | ६००९८६४५४ | ६३९७९ | ४९४४ | २०८० बैशाख |
| जम्मा | | | १४६८३३९३ | १७६९०७८ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,६९,०७८ |

४६ **मायाराम स्मृति पार्क निर्माण योजना -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम समयमा सम्पन्न नहुने भएमा नियम १२१ बमोजिमको पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम अवधि सम्म म्याद थप गर्न सकिने व्यवस्था छ । पालिकाले पर्यटन पूर्वाधार तथा पर्यटन उपज कार्यक्रम अन्तर्गत १८ महिनामा मयाराम स्मृति पार्क निर्माण कार्यलाई दुई खण्ड विभाजन गरी सम्पन्न गर्न निशान- चन्द जेभी सँग मिति २०७८।०२।११ मा सम्झौता गरी योजनाको पहिलो खण्डको लागि यस वर्ष रु. २९,८८,९९८/- भुक्तानी भएतापनि हाल सम्म भएको भुक्तानीको अधावधिक विवरण पेश भएन । निर्माण व्यवसायीले पेश गरेको पहिलो ठेक्का (१६।२०७७।०७८) को रु.२४,९४,०००/- र दोस्रो ठेक्का (१७।२०७७।०७८) को रु.१४,३०,०००/- को कार्य सम्पादन जमानतको म्याद समेत थप गर्नुपर्दछ । पालिकाले नियमावलीको व्यवस्था बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरि म्याद थप गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

| ठेक्का नं | सम्झौता रकम | यस वर्षको भुक्तानी | सम्पन्न गर्नुपर्ने अन्तिम म्याद | कैफियत |
|---|---|---|---|---|
| १६।२०७७।०७८ | १२२७८९१४ | २९८८९९८ | २०७९।८।११ | कार्य सुरु भएको तर म्याद समाप्त भएको |

| | | | | |
|---|---|---|---|---|
| १७।२०७७।०७८ | ९४८०६७३ | ० | २०७९।५।११ | म्याद समाप्त भएको तर कार्यको सुरुवात नै भुक्तानी नभएको |

४७ **रितपूर्वकको कर बिजक -**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । भौ. नं. ८/२०७९/६/७ बाट निर्माण व्यवसायी कालीका कन्स्ट्रक्सन प्रा.लि. (मू. अ. कर नं. ६०९८५९४०३) लाई मयाराम स्मृती पार्क पदमार्ग निर्माण वापत मू.अ. कर रु. ११३७७८/- समेत रु.९८८९९८/- भुक्तानी गरेकोमा निर्माण व्यवसायीले पेश गरेको बिजक नं. १ मिति २०७९/६/६ को बिजक केरमेट गरेको उक्त निर्माण व्यवसायी २०८० असार देखी नन्फाइलर समेत देखिएकाले रितपूर्वकको कर बिजक पेश नगरेको तथा कर विवरण समेत नबुझाएको हुँदा उक्त बिलबाट भुक्तानी लिएको मू.अ.कर रु. ११३७७८/- समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१३,७७८ |

४८ **साईमेला पुग्या रातामाटा खानेपानी -**

विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७५ को दफा ८ मा विशेष अनुदान खर्च गर्दा जुन आयोजना/ कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/ कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा ९ मा तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/ कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले साईमेला पुग्या रातामाटा खानेपानी तथा सरसफाई आयोजना संचालनको लागि पहिलो ठेक्का सम्झौता गरेपश्चात बचत भएको विनियोजित रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्नेमा उक्त कामको दोस्रो पार्ट नाम दिई पुनः बोलपत्र गरेको छ । यसरी बोलपत्र गर्दा पहिलो ठेक्काको कार्य सम्पन्न भए पनि पूरा भुक्तानी नभएको तथा दोस्रो ठेक्काको पेश्कीमात्र फछ्र्यौट भएको देखिएको छ । यसरी कार्यविधिको पालना नगरी, स्रोतको सुनिश्चितता नगरी ठेक्का गर्दा कुनै पनि ठेक्का सम्पन्न हुन नसक्ने भएकोले पालिकाले कार्यविधिको पालना गरी कार्यसम्पन्न गराउन तर्फ ध्यान दिनु पर्दछ ।

| ठेक्का | निर्माण व्यसायीको नाम | सम्झौता रकम | खर्च | अवस्था |
|---|---|---|---|---|
| पहिलो | सघन निर्माण सेवा | ३७४९९९९ | ३१८७४८६ | कार्य सम्पन्न हुन बाकी |
| दोस्रो | रामचन्द्र निर्माण सेवा | २६१२८८२ | ५२२००० | कार्य सम्पन्न नभएको |

४९ **मूल्य अभिवृद्धि कर -**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. ६५,४३४/-कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| भौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १९३/२०८०/३/६ | श्री लक्ष्मी इन्टरप्राइजेज एण्ड अर्डर सप्लायर्स | १०६२९५०४१ | २६५१८३ | २८५५२ | ८५६५ |
| २०९/२०८०/३/१३ | पञ्चकोशी भाँडा पसल | ६०२१८३९७८ | २४०२६६ | २७०६६ | ८१२० |
| २३३/२०८०/३/२१ | त्रिमुर्ति सःमिल एण्ड काठ डिपो | ६०८१२६१०२ | १८३६२५ | २११२५ | ६३३७ |
| २३६/२०८०/३/२१ | त्रिमुर्ति सःमिल एण्ड काठ डिपो | ६०८१२६१०२ | १९४१९० | २३४० | ६७०२ |
| २५९/२०८०/३/२४ | थापा निर्माण सेवा | ६०८६२०९७४ | ५७२९८३ | ६५९१८ | १९७७५ |
| २५०/२०८०/३/२४ | पुजा कन्स्ट्रक्सन | | ४६१७१२ | ५३१०९ | १५९३५ |
| जम्मा | | | १४५६२४७ | १४५००१ | ६५४३४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६५,४३४ |

५० **बिल भरपाई -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेरमात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । निम्न भौचर संग सम्बन्धित बिल भरपाई संलग्न नगरी भुक्तानी भएकोले बिल भरपाई पेश गर्नुपर्ने रु.

| भौचर नं र मिति | विवरण/ भुक्तानी लिने | रकम |
|---|---|---|
| ९०।०८०।०३।२४ संघीय पूँजीगत | भवानी मेडिसिन सप्लायर्स बिल भरपाई नभएको | ८७७१५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८७,७१५ |

## ५१ उपभोक्ता समितिलाई वढी भुक्तानी -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम मासार्वजनिक नियकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले पेश गरेको रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत सम्पन्न गरेका देहायका निर्माण कार्यहरुको परीक्षण गर्दा देखिएको व्यहोरा देहाय अनुसार छन् :

५१.१ **दर फरक पारेको -** पालिकाले निम्न योजना सम्झौता तथा भुक्तानी गर्दा जगमा सोलिङ गर्ने र निर्माण स्थल तयार गर्ने कामको स्वीकृत दर बढी राखि भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| क्र सं | योजनाको विवरण | काम | परिमाण | भएको दर | हुनुपर्ने दर | वढी दर | वढी भुक्तानी | उसको योगदान बाहेक |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय आ वि वडा नं ७ भवन निर्माण | स्टोन सोलिङ | ७.५९ | ६०४५ | ४१२५ | १९२० | १४५७३ | ११२२१ |
| २ | महादेव मा वि ४ कोठे भवन निर्माण वडा नं ३ | स्टोन सोलिङ | १०.६९ | ६०४५ | ४१२५ | १९२० | २०५२५ | १०२७९३ |
| | | साइट तयार | ८४० | १६५.२ | २४.८ | १४०.४ | ११७९३६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | मालिका प्रा वि २ कोठे भवन निर्माण वडा नं ३ | स्टोन सोलिङ | ८.१७ | ६०४५ | ४१२५ | १९२० | १५६८६ | ३०५६१ |
| | | साइट तयार | २०१.६ | १६५.२ | २४.८ | १४०.४ | २८३०५ | |
| ४ | बसुधारा बागचौर शउचौर कोलटाकुरा सडक खण्ड स्तरोन्ती | स्टोन सोलिङ | ३३.५ | ६०४५ | ४१२५ | १९२० | ६४३२० | ४९५२६ |
| जम्मा | | | | | | | २६१३४५ | १९४१०१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९४,१०१ |

५१.२ **बढी नापी -** पालिकाले निम्न योजनामा वास्तविक कार्य भन्दा बढी नापी गरेका कारण वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| क्र सं | योजनाको विवरण | काम | परिमाण | भएको दर | वढि रकम | उसको योगदान बाहेक |
|---|---|---|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय आ वि वडा नं ७ भवन | ब्रिक मेशिनरी | २.७६ | १९९७२ | ५५१२३ | ६०५४५ |
| | | फर्मा | ३६.९६ | ६३६ | २३५०७ | |
| २ | भगवती मा वि तुर्सु २ कोठे भवन निर्माण | फर्मा | ५८.२ | ६३६ | ३७०१५ | ३५३३५ |
| | | प्लास्टर | १४.४ | ४२२ | ६०७७ | |
| जम्मा | | | | | १२१७२२ | ९५८८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,८८० |

५१.३ **फर्माको दर बढी राखेको -** देहायका विद्यालय भवन निर्माण गर्दा पिलर, बिम र ढलानको काममा प्रयोग हुने काठको फर्माको दर बढी राखेका कारण देहाय अनुसार रु. ६५,९६५/- बढी भुक्तानी भएकाले उक्त रकम असुल हुनुपर्ने रु.

| क्र सं | योजना/ उपभोक्ता समिति | काम | परिमाण | भएको दर | हुनुपर्ने दर | फरक दर | बढी भुक्तानी | उ स को योगदान बाहेक |
|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय आ वि ४ कोठे भवन | पिलर | १५० | ६३७ | ३९१ | २४६ | ३६९०० | ३८४०१ |
| | | बिम | १५६ | ६३७ | ९२७ | -२९० | -४५२४० | |
| | | ढलान | २९७ | ६३७ | ४४१ | १९६ | ५८२१२ | |
| २ | महादेव मा वि ४ कोठे भवन | पिलर | ५६ | ६३७ | ३९१ | २४६ | १३७७६ | १८५३० |
| | | बिम | २६८ | ६३७ | ९२७ | -२९० | -७७७२० | |
| | | ढलान | ४५४ | ६३७ | ४४१ | १९६ | ८८९८४ | |
| ३ | मालिका प्रा वि २ कोठे भवन | पिलर | ७० | ६३७ | ३९१ | २४६ | १७२२० | ९०३४ |
| | | बिम | १२२ | ६३७ | ९२७ | -२९० | -३५३८० | |
| | | ढलान | १५९ | ६३७ | ४४१ | १९६ | ३११६४ | |
| जम्मा | | | | | | | ८७९१६ | ६५९६५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,९६५ |

५२ **रिटेन्सन मनी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) बमोजिम सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ्ग वा अन्य बिल वा बीजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले भौ.नं. २५९/२०८०/३/२४ बाट गाउँपालिका कार्यालयको सवारी पार्किङ्ग स्थल निर्माण वापत निर्माण व्यवसायी थापा निर्माण सेवालाई रु. ५,७२,९८३/- भुक्तानी गर्दा नियमानुसार रिटेन्सन मनी कट्टा गरेको देखिएन । नियमानुसार रिटेन्सन मनी कट्टा गरेर मात्र बिल भुक्तानी हुनु पर्दछ ।

५३ **अग्रिम कर -**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । सेवा प्रदायक साङ्ग्रिला इन्फर्मेटिक्स प्रा.लि. ले देहायका विद्यालयहरुलाई पेश गरेको बिलबाट नियमानुसार कट्टा गर्नुपर्ने अग्रिम कर रु. १९,६००/- कट्टा गरेको देखिएन । नियमानुसार कट्टा गर्नु पर्ने अग्रिम कर असुल हुनुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | डिभाइस खर्च | वार्षिक नेटचार्ज | जम्मा खर्च | अग्रिम कर |
|---|---|---|---|---|---|
| १ | नेरा प्रा वि कुर्मी | ५५००० | १८९०० | ७३९०० | ९८० |
| २ | ज्वाला प्रा वि पगनाथ | ५५००० | १८९०० | ७३९०० | ९८० |
| ३ | सरस्वती प्रा वि पगनाथ | ५५००० | १८९०० | ७३९०० | ९८० |
| ४ | जगनाथ प्रा वि ढाँणगाउँ | ५५००० | १८९०० | ७३९०० | ९८० |
| ५ | भगवती प्रा वि रानीचौर | ५५००० | १८९०० | ७३९०० | ९८० |
| ६ | सरस्वती प्रा वि सिडार | ५५००० | १८९०० | ७३९०० | ९८० |
| ७ | मालिका प्रा वि वाईसेरा | ५५००० | १८९०० | ७३९०० | ९८० |
| ८ | कैलाश प्रा वि पुँग्या | ५५००० | १८९०० | ७३९०० | ९८० |
| ९ | मष्टा प्रा वि धाराडाँडा | ५५००० | १८९०० | ७३९०० | ९८० |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | मालिका प्रा वि पोखरा | ५५००० | १८९०० | ७३९०० | ९८० |
| ११ | भगवती प्रा वि कुललेबुङ्गचि | ५५००० | १८९०० | ७३९०० | ९८० |
| १२ | लक्ष्मी प्रा वि रुमी | ५५००० | १८९०० | ७३९०० | ९८० |
| १३ | जगनाथ प्रा वि कोटकाटिया | ५५००० | १८९०० | ७३९०० | ९८० |
| १४ | जनप्रिय प्रा वि चाख्ला | ५५००० | १८९०० | ७३९०० | ९८० |
| १५ | आदर्श आ वि सनिगाउँ | ५५००० | १८९०० | ७३९०० | ९८० |
| १६ | जनता प्रा वि चिपिनडाँडा | ५५००० | १८९०० | ७३९०० | ९८० |
| १७ | जनता प्रा वि खगेना | ५५००० | १८९०० | ७३९०० | ९८० |
| १८ | जनता प्रा वि पानीमुल | ५५००० | १८९०० | ७३९०० | ९८० |
| १९ | नेरा आ वि तप्लुङ्ग | ५५००० | १८९०० | ७३९०० | ९८० |
| २० | सरस्वती प्रा वि कैलाशडाँडा | ५५००० | १८९०० | ७३९०० | ९८० |
| जम्मा | | ११००००० | ३७८००० | १४७८०००<br>० | १९६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,६०० |

५४ **प्रगति विवरण -**

भगवतीमाई गाउँपालिकाको संस्थागत विकास र शुसासन प्रवर्दन परियोजना कार्यान्वयनका लागी प्रदेश कार्यक्रम कार्यान्वयन इकाई र भगवतीमाई गाउँपालिका बीच भएको सम्झौता बमोजिम कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति प्रतिवेदनहरु त्रैमासिकरुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय/प्रदेश कार्यक्रम कार्यान्वयन इकाईमा पठाउनु पर्ने व्यवस्था छ । तर पालिकाले कार्यक्रम कार्यान्वयनको वित्तीय र भौतिक प्रगती विवरण त्रैमासिकरुपमा तयार गरेको देखिएन । सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयनको अवस्था दर्शाउने गरी वित्तीय तथा भौतिक प्रगति प्रतिवेदनहरु त्रैमासिकरुपमा तयार पारी पेश हुनुपर्दछ ।

५५ **मूल्य अभिवृद्धि कर कट्टी -**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ ग अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले देहायको भुक्तानीमा

नियमानुसार ३० प्रतिशत रकम रु. ९७,२७३/-कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| भौनं. र मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ३/२०७९/१२/२०९ | क्रियटिभ साइनेज प्रा.लि. | | ४८७२३७ | ५६०५३ | १६८१६ |
| ११/ २०८०/३/२१ | मालिका फर्निचर उद्योग | | ६१३६७५ | ७०६०० | २११८० |
| १९/२०८०/३/२४ | सिल्करोड इन्भेस्टमेन्ट एण्ड ट्रेडिङ्ग प्रा.लि. | ६००३७४०२६ | ४५००००० | ५१६७० | १५५३० |
| २४/२०८०/३/२४ | सफ्टटेक इन्फोसिस प्रा.लि. | | २७६२८५ | ३१७८५ | ९५३५ |
| १७/२०८०।३।२४ | ग्रिन कर्णाली कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर | | ९९१२७१ | ११४०४१ | ३४२१२ |
| जम्मा | | | १८२७१९७ | २१०१०८ | ९७२७३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९७,२७३ |

५६ **जिन्सी दाखिला -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको, खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी मालसामानको विवरण तथा मूल्य समेत खुलाई जिन्सी खातामा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु गराउनु पर्दछ । पालिकाले देहायको भौचरबाट जिन्सी मालसामान खरिद गरे वापत रु. ६,०३,३१४ /- भुक्तानी गरेकोमा उक्त जिन्सी मालसामानको विवरण तथा मूल्य समेत खुल्ने गरी जिन्सी खातामा दाखिला गरेको देखिएन । जिन्सी सामान दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| भौनं. र मिति | सामानको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| २७/२०८० /३/२४ | सोलार खरिद | कौशल स्टोर्स एण्ड अर्डर सप्लायर्स | ६३९७९ |
| २७/२०८० /३/२४ | सोलार प्यानल र ब्याट्री | माँ मनकामना इन्टरप्राइजेज एण्ड सप्लायर्स | १२५१९० |
| २७/२०८० /३/२४ | स्पिकर, मिक्सचर लगाएतका सामान | अदिती ट्रेड लिङ्क प्रा.लि. | ४१४१४५ |
| जम्मा | | | ६०३३१४ |

| प्रमाण पेश नगरेको | ६,०३,३१४ |
|---|---|

५७ **माटो सोर्ने काम -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नम्र्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले भगवतीमाई खेलगढि मिनि स्टेडियममा थुप्रिएको माटो सोर्ने कामको प्रतिघनमिटदर दर रु.५६.९८ राखि भुक्तानी गर्नुपर्नेमा एम डि के दाजुभाई निर्माण सेवालाई ३४८.४५ घनमिटर माटो सोर्न लगाई रु.२३१.७५ को दरले भुक्तानी गरेकोले रु.१७४.७७ को दरले वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ६६,१४१ |
|---|---|

५८ **मूल्य अभिवृद्धि कर -**

मूल्य अभिबृद्धि कर नियमावली, २०५३ मा २०७६।२।१५ मा भएको एक्काइसौं संशोधनबाट थप भएको नियम ६ग मा ठेक्का वा करारअन्तर्गत वस्तु वा सेवा आपूर्तिबापतको मुल्य अभिवृद्धि कर भुक्तानी गर्दा मू.अ.कर रकमको ३० प्रतिशत कार्यालयबाट कट्टा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ. नं. १००/२०८०/३/२४ बाट निर्माण व्यवसायी भवानी कालिका कन्स्ट्रक्सनलाई मू.अ.कर रु. १,०८,६३१/- समेत रु. ९,४४,२५६/- भुक्तानी गर्दा ३० प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु.३२,५८९/- कट्टा गरी दाखिला नगरेको हुँदा मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३२,५८९ |
|---|---|

५९ **रिटेन्सन मनी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) बमोजिम सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ्ग वा अन्य बिल वा बीजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयले भैरव मा. वि. वाल निर्माणका लागी भवानी कालिका कन्स्ट्रक्सनलाई रु. ९,४४,२५६/- बिल भुक्तानी गर्दा नियमानुसार रिटेन्सन मनी रु.४१,७८१/- कट्टा नगरी पूरै रकम भुक्तानी गरेको देखियो । रिटेन्सन मनी कट्टा नगर्दा मर्मत अवधिमा उक्त निर्माण कार्यमा कुनै क्षति भएमा निर्माण व्यवसायीबाट मर्मत सम्भार गराउन सकिने भएकाले नियमानुसार रिटेन्सन मनी कट्टा गरेर मात्र बिल भुक्तानी हुनु पर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४१,७८१ |

६० **रंगरोगन तथा पार्टेशन -**

भैरव मा वि ले विद्यालय रंगरोंगन, शैचालय तथा लेखा कक्ष पार्टेशन, कक्षाकोठा वायरिङ, पेटि निर्माण, छाना मर्मत र शिलालेख तयार गर्न रु.१२,००,०००/-लाग्ने प्रस्ताव गरेकोमा पालिकाले विद्यालयले रु.२,०७,९३७/- व्यहोर्ने गरी उक्त कार्य रु.१०,०७,९३७/- मा सम्पन्न हुने गरी लागत अनुमान तयार गरेको देखियो । उक्त कार्य सम्पन्न गरी रु.९,९५,९१५/- को कार्य सम्पन्न प्रतिबेदन तयार हुदाँ पालिकाले विद्यालयलाई जम्मा रु.७,९०,४५८ भुक्तानी गर्नुपर्नेमा रु.४,०९,५४२/- थप गरी रु.१२,००,०००/- नै भुक्तानी गरेको देखियो । त्यस्तै शौचालय र लेखा कक्ष पार्टेशनको लागि पुनः रु. ४,८०,०३६/- भुक्तानी गरेको छ । यसरी जम्मा रु. ७,९०,४५८/- भुक्तानी गर्नुपर्नेमा रु.१६,८०,०३६/- भुक्तानी भएकोले वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८९,५७८ |

६१ **मेशिनरी वाल निर्माण -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिलको भुक्तानी प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाले भैरव मा. वि. मा मेशिनरी वाल निर्माण गर्न उपभोक्ता समितिले रु.५,९१,७७२/- लागत साझेदारी गर्ने गरी रु.२६,०७,७७२/- को लागत अनुमान तयार गरी समितिसँग सम्झौता गरेकोमा रु.२५,२४,८७३/- को कार्य सम्पन्न प्रतिबेदन तयार गरेको छ । यसरी आनुपातिक कट्टि गरी रु.१९,५१,९१२/- भुक्तानी हुनुपर्नेमा रु.२०,१६,०००/- भुक्तानी भएकोले वढि भुक्तानी भएको रु.६४,०८८/- तथा भवनको अगाडि पट्टि पिसिसिको नापि गर्दा १५.८७ घनमिटर वढि नापि हुँदा रु.१२,८६१/- को दरले वढि भुक्तानी भएको रु.२,०४,१०४/- समेत रु.२,६८,१९२/- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,६८,१९२ |

६२ **जिन्सी दाखिला -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ मा कार्यालयमा प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ती तथा जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाध्नुपर्ने व्यवस्था छ । पालिकाले प्रविधिमा आधारित शैक्षिक संस्था स्वचालन प्रणाली विकास अन्तर्गत कैलाश स्टोर्श एण्ड

अर्डर सप्लायर्सबाट रु.३८३८७९ मुल्यको सोलार मोड्युल, चर्ज कन्ट्रोलर, ब्याट्री लगायत सामाग्री खरिद गरेकोमा उक्त सामाग्री दाखिला भएको देखिएन । उक्त सामाग्री दाखिला भएको र प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८३,८७९ |

६३ **झोलुंगेपुल परामर्श -**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सिद्वेओडार खोला, दुम्जि खोला झोपु,गजेतडा झोपु शिर्षकको काममा सेवा पुर्याएवापत ग्रामिण विकास केन्द्रलाई भुक्तानी गर्दा निम्न बमोजिम बिजक फरक परेकोले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| बिल नं र मिति | भएको व्यहोरा | जम्मा रकम | मू.अ.कर रकम |
|---|---|---|---|
| ०१।२०७९।०६।०५ | कम्प्युटर प्रिन्ट भएको बिल | १५१८७५ | १७४७२ |
| ३३।२०८०।०३।२२ | बिल नं स्टेम्प लगाएको | १६४५०५ | १८९२५ |
| | जम्मा | | ३६३९७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,३९७ |

६४ **नमुना विद्यालय -**

पालिकाले आर्थिक वर्ष २०७८।०७९ मा भैरव मा. वि. पुस्तकालय तथा विज्ञान प्रयोगशाला भवन निर्माण गर्न रु.१,५४,३६,२७३/- को लागत अनुमान स्वीकृत गरी विद्यालयसँग खरिद सम्झौता गरेकोमा विद्यालयले बोलपत्र आव्हान गरी न्यून कबोल गर्ने भवानी कालिका कन्सट्रक्सनसँग मिति २०७९ असाढ ३ गते रु.१,१३,९९,५२६/- को सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

६४.१ **सिमा भन्दा बढि निकासा -** कार्यक्रम कार्यान्वयन पुस्तिका क्रियाकलाप नं ११.१.२.४४५ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानको लागि प्रति विद्यालय वार्षिक रु.५० लाख देखि १ करोड सम्म दिन सकिने तथा निर्माण कार्यको लागत अनुमान तयार गरी स्थानीय तहले स्वीकृत गर्नुपर्ने र लागत अनुमानमा स्थानीय तहबाट थप बजेट व्यस्थापन गर्न सकिने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्षमा रु. ६४,७९,६३०/- र यस आर्थिक वर्षमा निर्माण व्यवसायीको नाममा रु. ४६,२२,८३१/- र विद्यालयको नाममा रु. ९,५८,८२०/- समेत रु. ५५,८१,६५१/- गरी हालसम्म रु. १,२०,६१,२८१/- निकासा गरिसकेको देखिन्छ । कार्यान्वयन पुस्तिकाले

नमूना विद्यालयका लागी तोकेको भन्दा रु. २०,६१,२८१/- बढी रकम पूर्वाधार विकासका लागी निकासा भएको हुँदा वढि निकासा भएको रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,६१,२८१ |

६४.२ **कार्य सम्पन्न प्रतिबेदन -**

✄ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०४ को निर्णयबाट रु.३५,२०,३७० सम्परीक्षण गरिएको ।)*

६५ **मुलपानी अडारीपाल्ता खानेपानी तथा सरसफाई आयोजना -**
मुलपानी अडारीपाल्ता खानेपानी तथा सरसफाई आयोजना संचालनकोलागि संघीय विशेष अनुदान रु.१,००,००,०००/- प्राप्त भएकोमा रु. ७७,९६,५१६/४खर्च गरेको छ । आयोजना संचालनको लागि पहिलो ठेक्काका लागी रु.९९,८४,९५१/- को लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरेकोमा संघन निर्माण सेवाले रु.५८,९४,२९३/- मा उक्त आयोजनाको काम २०८० जेष्ठ २९ गते सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेको देखियो । यस सम्बन्धमा देखिएको व्यहरा निम्न छन्ः

६५.१ **कार्य सम्पन्न भन्दा वढि भुक्तानी -** पालिकाले उक्त योजनाको कार्य स्वीकार रु.५७,९०,५५१/- को तयार गरेकोमा देहाय अनुसार रु.५८,०२,५५१/- भुक्तानी गरेको हुँदा सम्पन्न कार्य भन्दा रु. १२,०००/- बढी भुक्तानी भएको देखिएकोले वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| भौचर नं र मिति | वापत | रकम |
|---|---|---|
| २५।०७९।११।११ | प्रथम रनिङ बिल | २६२८१७० |
| ३४।०७९।१२।२४ | दोस्रो रनिङ बिल | १८६८८४६ |
| ८४।०८०।०३।२३ | अन्तिम बिल | १३०५५३५ |
| जम्मा भुक्तानी | | ५८०२५५१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००० |

६५.२ **रितपूर्बकको कर बिजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले मुलपानी अडारीपाल्ता खानेपानी

तथा सरसफाई आयोजना संचालनका लागी संघन निर्माण सेवा (भ्याट नं.६०१६९८६३७) लाई भुक्तानी गर्दा निम्न बमोजिम बिजक फरक परेकोले निर्माण व्यवसासयिले यस सहित अन्य ठेक्कामा समेत गरी रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर रु. ४,१२,३८२/- समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| बिल नं र मिति | भएको व्यहोरा | जम्मा रकम | भ्याट रकम |
|---|---|---|---|
| ३४।०८०।०३।२३ | हस्तलिखित बिल नम्बर | २१२२०६२ | २४४१३१ |
| ३३।०८०।०३।१९ | हस्तलिखित बिल नम्बर | १२९३५३५ | १४८८१३ |
| ३२।०८०।०३।१९ | हस्तलिखित बिल नम्बर | १२५२० | १४४० |
| ०७।०७९।१०।१२ | हस्तलिखित बिल नम्बर | १०९३२६ | १२५७७ |
| ०९।०७९।१०।१२ | हस्तलिखित बिल नम्बर | ४७१२१ | ५४२१ |
| जम्मा | | ३५८४५६४ | ४१२३८२ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१२,३८२ |

६५.३ **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौता बमोजिमको काम सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलब शून्य पाँच प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । उक्त योजना तोकिएको म्याद भन्दा २० दिन ढिला मिति २०८०।०३।१९ मा कार्यसम्पन्न भएको देखिएकोले २० दिनको दैनिक रु.२,९४७/- को दरले रु.५८,९४०/- पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५८,९४० |

६५.४ **प्रोभिजनल सम -** निर्माण कार्यको बिओक्यूमा रहेको पिएस भुक्तानी गर्दा गरेको कामको कर विजक पेश गर्नुपर्दछ । निर्माण व्यवसायीले रु.१२,०२०/- को विमाको बिल पेश गरी रु.५०,०००/- भुक्तानी गरेको देखिएकोले भुक्तानी रकम बराबरको विमाको विल पेश हुनुपर्ने अन्यथा वढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,९८० |

६५.५ **दोस्रो ठेक्का -** विशेष अनुदान सम्बन्धि कार्यविधि, २०७५ को दफा ८ मा विशेष अनुदान खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा ९ मा तोकिएको अवधिभित्र कार्य सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना/कार्यक्रम स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले मुलपानी अडारीपाल्ता खानेपानी तथा सरसफाई आयोजना संचालनको लागि पहिलो ठेक्का सम्झौता गरेपश्चात बचत भएको विनियोजित रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्नेमा पालिकाले उक्त कामको दोस्रो पार्ट नाम दिई रु.४०,२०,३२०/- को लागत अनुमान तयार गरी ठेक्का नं. १४/०७९/८० बाट दोस्रो ठेक्का गरेको छ । यसरी दोस्रो ठेक्का मिति २०८०।०३।१५ गते भित्र सम्पन्न गर्नको लागि राचन्द्र निर्माण सेवासँग सम्झौता गरेकोमा पहिलो रनिङ बिल वापत रु.१५,६६,५९९/- भुक्तानी भएको देखिन्छ । उक्त काम हालसम्म सम्पन्न भएको नदेखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

६६ **बिल भरपाई -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यो वर्ष विद्युत विस्तार कार्यका लागी नेपाल विद्युत प्राधिकरण दैलेख वितरण केन्द्रले पेश गरेको लागत अनुमानका आधारमा वितरण केन्द्रको धरौटी खातामा रु. १६६१२५/- पठाएकोमा पेश्की नजनाई बजेट खर्च लेखेको देखियो । विद्युत विस्तारको कार्य सम्पन्न नहुँदै बजेट खर्च लेखेको उक्त रकम नेपाल विद्युत वितरण केन्द्र दैलेख वितरण केन्द्रको नाममा पेश्की जनाई कार्य सम्पन्न भए पछी फरफारक गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६६,१२५ |

६७ **बढी भुक्तानी -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । मधुबन फर्निचरसँग कार्यालय फर्निचर खरिद वापत रु.१३,९३,२९०/- को खरिद सम्झौता गरेकोमा भौ.नं. १८८/२०८०/३/३ बाट रु.१४,२९,४५०/- भुक्तानी गरेको देखिन्छ । भेरियसन आदेश स्वीकृत नगरी सम्झौता रकम भन्दा रु.३६,१३०/- बढी भुक्तानी भएको देखियो । खरिद सम्झौता भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,१३० |

६८ **खरिद सम्झौता नगरी भुक्तानी -**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२(१) बमोजिम सार्वजनिक निकायले फुटकर खरिद बाहेक अन्य खरिद गर्दा खरिद सम्झौता गर्नु पर्ने व्यवस्था छ । पालिकाले चिपिन सामुदायिक स्वास्थ्य इकाई भवन निर्माणका लागी अतिरिक्त काम गर्नका लागी जि.वाई. कन्स्ट्रक्सनलाई रु. ४८२२६९/- भुक्तानी गरेकोमा उक्त खरिद कार्य गर्दा खरिद सम्झौता नै गरेको देखिएन । कानून बमोजिम खरिद सम्झौता नगरी भुक्तानी दिएको रकम नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,८२,२६९ |

६९ **पगनाथ स्वास्थ्य चौकी भवन निर्माण -**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०८१।०१।०४ को निर्णयबाट रु.७,१०,६५७ सम्परीक्षण गरिएको ।)***

७० **प्रदेश सरकार समपुरक अनुदान -**

कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ९ (१क) मा समपूरक अनुदानबाट उपलब्ध भएको बजेटबाट सञ्चालन हुने आयोजनाको सम्झौता भए पछि त्यस्तो आयोजनाको लागि विनियोजन भएको रकम वढि भएमा सो रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा १० मा जुन योजनाको लागि अनुदान प्राप्त भएको हो सोही योजनाको लागि मात्र खर्च गर्नुपर्ने तथा मर्मत सम्भार, मसलन्द लगायतका प्रशासनिक कार्यमा खर्च गर्न नपाईने व्यवस्था छ । पालिकाले जुम्ला काफल थुवा बडालेक सडक स्तरोन्नती गर्न रु.९९,९२,६३८/- को लागत अनुमान तयार गरी मिति २०८०।०३।२२ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी खण्ड (क) का लागि रु.५८,४५,५७९/- र खण्ड(ख) का लागि रु.५५,५९,९५२।- को निर्माण व्यवसायी भगवतीमाई कन्स्ट्रक्सनसँग सम्झौता गरेको छ । पालिकाले उक्त योजना संचालनका लागि खरिद सम्झौता गरेपश्चात बाँकी रहेको रकम प्रदेश संचित कोष फिर्ता गर्नुपर्नेमा सोही योजनाको खण्ड (ग) गरी थप एक ठेक्का लगाएर रकम खर्च गरेको छ । यसरी सुरु योजना भन्दा फरक कार्यमा खर्च गरेको तेस्रो (ठेक्का नं. १५) ठेक्कामा अनुदानबाट खर्च भएको रकम प्रदेश संचितकोषमा फिर्ता हुनुपर्ने रु.

| ठेक्का | निर्माण व्यवसायीको नाम | सम्झौता रकम | खर्च रकम | अनुदानको हिस्सा |
|---|---|---|---|---|
| ०४।२०७९।०८० | भगवतिमाई कन्स्ट्रक्सन | ५८४५५७९ | ५५९२०८० | २७९६०४० |
| ०८।२०७९।०८० | भगवतिमाई कन्स्ट्रक्सन एण्ड रोश्री निर्माण सेवा | ५५५९९५२ | ५२९६१९४ | २६४८०९७ |

| | | | | |
|---|---|---|---|---|
| १५।२०७९।०८० | भगवतीमाई कन्स्ट्रक्सन | ३८००१३६ | ३५९१२४५ | १७९५६२२.५ |
| जम्मा | | १५२०५६६७ | १४४७९५१९ | ७२३९७५९.५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,९५,६२२.५ |

७१ **पदाधिकारी ईन्धन -**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ९ मा पदाधिकारीले अनुसुची १ मा तोकिएबमोजिम ईन्धन सुविधा पाउने उल्लेख गरेको र अनुसुची १ को द्रस्टव्यमा सवारी साधन प्रयोग गर्ने पदाधिकारीको हकमा सवारी साधनको अभिलेख राखि ईन्धन सुविधा दिने उल्लेख छ । पालिकाले निम्नानुसार पदाधिकारीलाई सवारी साधनको अभिलेख राखि ईन्धन सुविधा दिनु पर्नेमा पे रोलमा राखि नगदै भुक्तानी गरेको देखिएकोले सम्बन्धित बाट असुल गर्नु पर्ने रु.

| पदाधिकारीको नाम | पद | अवधि | ईन्धन सुविधा |
|---|---|---|---|
| ईन्द्र बहादुर थापा | वडा अध्यक्ष | असोज-पौष | १९८०० |
| दिपक रावत | वडा अध्यक्ष | असोज-पौष | १९८०० |
| मान बहादुर खड्का | वडा अध्यक्ष | असोज-पौष | १९८०० |
| देवलोक अधिकारी | वडा अध्यक्ष | असोज-पौष | १९८०० |
| कृष्ण बहादुर शाही | वडा अध्यक्ष | असोज-पौष | १९८०० |
| गणेश प्रसाद शर्मा | वडा अध्यक्ष | असोज-पौष | १९८०० |
| पूर्ण बहादुर थापा | वडा अध्यक्ष | असोज-पौष | १९८०० |
| जम्मा रु | | | १३८६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३८,६०० |

७२ **भ्रमण खर्च -**

कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

•अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

•नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

•भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

•कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

•स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

७३ **करार कर्मचारीलाई भत्ता भुक्तानी -**

सामान्य प्रशासन मन्त्रालयको मिति २०७४/१/२५ को पत्रबाट आर्थिक वर्ष २०७४/७५ बाट लागू हुनेगरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था छ । उक्त परिपत्रमा करारमा कार्यरत कर्मचारीहरुलाई कुनै पनि किसिमका भत्ता भुक्तानी दिन पाउने व्यवस्था छैन । पालिकाले निम्न कर्मचारीहरुलाई वर्षभरी स्थानीय भत्ता भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु.

| कर्मचारीको नाम | पद | स्थानीय भत्ता | जम्मा भुक्तानी |
|---|---|---|---|
| वलदिप कुमार खाण | इन्जिनियर | ८८०० | ७९२०० |
| खगेन्द्र प्रसाद शर्मा | सब इन्जिनियर | ५५१० | ६६१२० |
| राजु खत्री | सब इन्जिनियर | ५५१० | ६६१२० |
| आशिका ढकाल | स्टाफ नर्स | ५५१० | ६६१२० |

| | | | |
|---|---|---|---|
| पवित्रा कुमारी रावत | स्टाफ नर्स | ५५१० | ६६१२० |
| शेर बहादुर विश्वकर्मा | फार्मेसी | ५५१० | ६६१२० |
| दुर्गा खड्का | ल्या अ | ४६०० | ५५२०० |
| प्रभाकर यादव | मे अ | ८८०० | १०५६०० |
| मिलन विश्वकर्मा | | ४६०० | ५५२०० |
| भुपेन्द्र सोनी | | ४६०० | ५५२०० |
| जम्मा रु | | | ६८१००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८१,००० |

७४ **गाडी भाडा, ईन्धन तथा मर्मत खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले यो वर्ष सम्बन्धित शिर्षकमा बजेट विनियोजन गरी ईन्धनमा रु.३१,९४,३३४।- मर्मतमा रु.१२,१२,६५५।— र गाडी भाडामा रु.५,५८,९९०।- खर्च गरेको छ । कन्टिन्जेन्सी बाट समेत यि शिर्षकहरुमा खर्च गरेको देखिन्छ। पालिकालाई अत्यावश्यक पर्ने क्षेत्रमा मात्र यस्तो रकम खर्च गर्नुपर्नेमा आवश्यकताको पहिचान समेत नगरी गरीने यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ ।

७५ **वितरणमुखी खर्च -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। यस्तो खर्चले पालिकाको दीर्घकालीन पुँजी निर्माण नहुने तथा वास्तविक लक्षित समूहलाई प्रत्यक्ष लाभ पुग्ने देखिदैन । वास्तविक आवश्यकता र मापदण्ड तयार नगरी गरिने यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ। यसका केही उदाहरण देहाय अनुसार छन ।

| भौ नं।मिति | कार्यक्रम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २२९।०७९।११।२६ | एकल महिला फिल्टर वितरण कार्यक्रम वडा नं ४ | ४९ जना | १००००० |
| ३३१।०८०।१।१२ | ज्येष्ठ नागरिक सम्मान वडा नं ४ दौरा वितरण | विभिन्न | १६०००० |
| ४४५।०८०।३।६ | ज्येष्ठ नागरिक सम्मान वडा नं १ दौरा धोति वितरण | १५७ जना | २१९९०२ |
| ४३१।०८०।२।३२ | ज्येष्ठ नागरिक लक्षित कार्यक्रम वडा नं ३ | १५१ जना | १८०२२४ |
| ३९५।०८०।२।२० | ज्यष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं ७ | विभिन्न | २१५५२४ |
| ४९७।०८०।३।१९ | ज्येष्ठ नागरिक सम्मान वडा नं ६ ब्ल्याङ्केट | १५५ जना | २८०२४० |
| ४९०।०८०।३।१८ | विधवा तथा एक ज्येष्ठ नागरिक वडा नं ३ फिल्टर वितरण | ५० जना | १४३००० |
| ४७५।०८०।३।१७ | लोकसेवा तयारी कक्षा वडा नं ४ | १ जना | ४८००० |
| ५३९।०८०।३।२१ | लोकसेवा तयारी कक्षा वडा नं १ | २ जना | ५०००० |
| जम्मा रु | | | १३९६८९० |

७६ **बिल भरपाई -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न बमोजिमको भुक्तानी गर्दा विल भरपाई संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| भौ नं।मिति | शीर्षक | विवरण | जम्मा भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| १५०।०७९।१०।१८ | मसलन्द | ब्याग खरिद | १०५०० | ३ थान वितरण नगरेको |

<table>
<tr><td rowspan="3">३२८।०८०।१।१२</td><td rowspan="3">स्थानीय अनुकूलन कार्ययोजना</td><td>इन्द्र बहादुर थापा</td><td>१२७५</td><td rowspan="3">बुझेको भरपाई नरहेको</td></tr>
<tr><td>दिपक रावत</td><td>१२७५</td></tr>
<tr><td>रञ्जना कुमारी भण्डारी</td><td>१२७५</td></tr>
<tr><td>३५२।०८०।१।२८</td><td>अपांगता भएका नागरिकको राहत वितरण</td><td>चामल</td><td>२२४०</td><td>४० के जी वितरण नगरेको</td></tr>
<tr><td>४३७।०८०।३।५</td><td>शैक्षिक पात्रो छपाई</td><td>पात्रो</td><td>९६९०</td><td>११४ थान वितरण नगरेको</td></tr>
<tr><td>५४८।०८०।३।२१</td><td>मसलन्द</td><td>रेनकोट</td><td>१३५६००</td><td>३० थान वितरण नगरेको</td></tr>
<tr><td rowspan="2">१८८।०७९।११।३</td><td rowspan="2">बाख्रा श्रोत केन्द्र खर्च</td><td>मकै</td><td>२५००</td><td rowspan="2">केन्द्रलाई वितरण गरेको भरपाई नरहेको</td></tr>
<tr><td>दाना</td><td>२५००</td></tr>
<tr><td rowspan="5">३३७।०८०।१।१४</td><td rowspan="5">६ नं वडा कार्यालय खेलकुद</td><td>टि सर्ट</td><td>१९०००</td><td>२० वटा वितरण नगरेको</td></tr>
<tr><td>भलिबल</td><td>१२५००</td><td rowspan="4">वितरण भरपाई नरहेको</td></tr>
<tr><td>पम्प</td><td>२२००</td></tr>
<tr><td>फुटबल</td><td>६०००</td></tr>
<tr><td>नेट</td><td>८८००</td></tr>
<tr><td>४३१।०८०।२।३२</td><td>ज्येष्ठ नागरिक वडा नं ३</td><td>कटन साडी</td><td>४७५८०</td><td>वितरण सम्बन्धमा यकिन भएन</td></tr>
<tr><td rowspan="3">३९५।०८०।२।२०</td><td rowspan="3">ज्येष्ठ नागरिक वडा नं ७</td><td>धोती चोला</td><td>१००४५०</td><td rowspan="3">के कति परिमाण वितरण गरेको यकिन भएन</td></tr>
<tr><td>दौरा सूरुवाल</td><td>६१०००</td></tr>
<tr><td>टोपी</td><td>५१८५०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५४४।०८०।३।२१ | गाडी भाडा | खेलाडी सारेको | ३०००० | कुन खेलाडी तथा कार्यक्रम नखुलेको |
| १०४।०७९।११।१४ | तरकारी खेती सिप विकास तालिम | टमाटर लगायतको बिउ | २८६०० | वितरण भरपाई नरहेको |
| २३४।०८०।३।१६ | दुना टपरी मेशिन खरिद | मेशिन | १४४९९० | मौज्दातमा राखेको |
| ६९।०७९।१०।१९ | सामाग्री खरिद | प्रिन्टर | २९००० | दाखिला प्रतिवेदनमा २९०० मूल्य कायम गरेको |
| जम्मा रु | | | ७०८८२५ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,०८,८२५ |

७७ **पार्टी पेमेन्ट -**

सरकारी कारोबार निर्देशिका, २०७६ को बुँदा नं. ५.१६.१ अनुसार सरकारी खाताबाट रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेक मार्फत वा सोझै बैंक खातामा जम्मा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार फर्महरुबाट बिभिन्न सामग्री खरिद गरे वापत रकम भुक्तानी गर्दा सम्बन्धित फर्मको नाममा एकाउन्ट पेयी चेक वा सोझै बैंक खातामा रकम भुक्तानी नगरी बिभिन्न कर्मचारीको नाममा भुक्तानी दिएको देखिन्छ । निर्देशिका बमोजिम सम्बन्धित फर्मको नाममा एकाउन्ट पेयी चेक वा सोझै बैंक खातामा भुक्तानी गर्नु पर्दछ । सम्बन्धित फर्मको नाममा सोझै भुक्तानी नगरी कर्मचारीको नाममा भुक्तानी दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| भौ. नं. र मिति | खर्चको विवरण | भुक्तानी हुनुपर्ने | भुक्तानी गरिएको | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५८५।०८०।३।२४ | औषधी खरिद | पवित्र मेडिकल हल | दुर्गा कुमारी गुरुङ्ग | ४४३७० |
| ४१२।०८०।२।३२ | मसलन्द तथा सामाग्री खरिद | न्यू प्रभा फर्निचर उद्योग | महालक्ष्मी अधकारी | ९४०१६ |

| | | | | |
|---|---|---|---|---|
| | | न्यू प्रकाश भाँडा गिफ्ट कर्नर | महालक्ष्मी अधकारी | ३३९९५ |
| | | कमल बस्त्रालय | महालक्ष्मी अधकारी | ३५३६९ |
| | | कर्णाली मल्टी सप्लायर्स | महालक्ष्मी अधकारी | ६८५९१ |
| ५०२।०८०।३।१९ | वडा नं १ सामाग्री खरिद | पुजन स्टेशनरी स्टोर्स एण्ड स्पोर्ट अर्डर सप्लायर्स | महालक्ष्मी अधकारी | २८६५० |
| ५४०।०८०।३।२१ | पाईप खरिद | श्रेष्ठ ट्रेडिङ्ग कन्सर्न एण्ड सप्लायर्स | कृष्ण बहादुर शाही | ९७८६५ |
| जम्मा रु | | | | ४०२८५६ |

७८ **खर्च मितव्ययिता -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मष्टरोलमा राखी निम्नानुसारका सरसफाई कार्यकर्तालाई ज्याला भुक्तानी गरेको छ । यस प्रकारका कार्यहरु प्रधानमन्त्री रोजगार कार्यक्रमबाट हुने देखिन्छ । सरसफाई कार्यकर्ता भर्ना गरी खर्च गर्दा सरकारी साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त भएको देखिएन । यस्तो प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ ।

| भौ नं।मिति | नाम | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|---|
| १७३।०७९।१०।२३ | राम बहादुर खड्का | वडा नं ७ सरसफाई | ९२२५० |
| ४२९।०८०।२।३२ | ललित थापा | वडा नं ७ सरसफाई | ६६०८२ |
| ५९३।०८०।३।२४ | ललित थापा | वडा नं ७ सरसफाई | ४९४७५ |
| जम्मा रु | | | २०७८०७ |

७९ **सूचना प्रविधि पद्धति -**

सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसँग लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधि सँग सम्बन्धित प्रणाली व्यवस्था, प्रवेश नियन्त्रण लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा पालिकाले निम्न अनुसारका कार्य गरेको छैनः

• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,

• सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र मलेप फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख मलेप फाराम ९०३ मा नराखेको,

• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।

८० **शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | प्राथमिक | ९६ | ९६ | २९ | ३२९४ |
| २ | निम्नमाध्यामिक | ३० | २९ | २२ | १५१० |
| ३ | माध्यामिक | १४ | १३ | ८ | ८७९ |
| ४ | उमावि तथा प्रशिक्षक | ४ | ४ | ४ | ६२६ |

| | जम्मा | १४४ | १४२ | ६३ | ६३०९ |
|---|---|---|---|---|---|

अतः शिक्षा ऐन तथा नियमावली लगायत कानूनले तोके अनुसार विद्यार्थी शिक्षक अनुपात मिलान गरी दरबन्दी बमोजिम पदपूर्ति गर्नुपर्दछ।

८१ **दिवा खाजा -**

कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७९।०८० मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ६ सम्म प्रति विद्यार्थी दैनिक रु. १५ का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत रु.८३ लाख १३ हजार निकासा गरेको छ । IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन गरेको छैन।अतः पालिकाले अनुगमन गरी, पेश भएको प्रमाणित हाजिरी पुस्तिकामा भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गरी हाजिरी भन्दा वढी विद्यार्थीलाई निकासा भएको रकम विद्यालयबाट फिर्ता गर्नुपर्दछ । प्रमाणित हाजिरी पुस्तीका भन्दा बढी निकासा भएका निम्न विद्यालयबाट असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | हाजिरी संख्या | दर | हुनुपर्ने निकासा | भएको निकासा | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|---|
| लक्ष्मी प्रा वि | ८१४ | १५ | १२२१० | ३२१९० | १९९८० | दोस्रो त्रैमासिक |
| जनता मा वि | ४६२४ | १५ | ६९३६० | ७००८० | ७२० | चौथो त्रैमासिक |
| महादेव मा वि | ७२१ | १५ | १०८१५ | १२१६५ | १३५० | बैशाक महिना |
| भगवती मा वि | २९९५ | १५ | ४४९२५ | ९२६० | ४३३५ | जेठ महिना |
| **जम्मा** | **९१५४** | **१५** | **१३७३१०** | **१२३६९५** | **२६३८५** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,३८५ |

८२ **पाठ्यपुस्तक -**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहिलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले दुई पटक गरी एकमुष्ठ रु.३४ लाख १४ हजार ४ सय ४२ पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ ।सबै विद्यालयले विधार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई पेश गरेको छैन। समयमै पाठ्यपुस्तक वितरण गरे नगरेको सम्बन्धमा पालिकाले विद्यालयको नियमित अनुगमन गरी अधावधिक विवरण तयार गरी राख्नुपर्दछ। IEMIS र भरपाई पेश गरेका विद्यालयको तथ्याकंको आधारमा निम्न विद्यालयमा बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.

| क.स | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनु पर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | जनता मा वि | २८७ | १७५१५८ | १७७३९५ | २२३७ |
| २ | ज्वाला मा वि | ९४५ | ४५७८७४ | ४६९२८० | ११४०६ |
| जम्मा | | १२३२ | ६३३०३२ | ६४६६७५ | १३६४३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६४३ |

८३ **छात्रवृत्ति अनुदान -**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ४.२ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र कक्षा १-५ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.४००, ६-८ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.४०० र दलित विद्यार्थीलाई रु. ४०० छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा पालिका अन्तर्गतका ३२ वटा विद्यालयमा रु.११ लाख ९ हजार निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन ।साथै विद्यालयलबाट छात्रवृत्ति वितरण गरेको भर्पाई पेश भएबमोजिम निम्न विद्यालयको बढी निकासा असुल हुनुपर्ने रु.

| क.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | हुनु पर्ने निकासा | भएको निकासा | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | ज्वाला प्रा वि | ५० | २०००० | २१६०० | १६०० |
| २ | सरस्वती आ. वि | १२६ | ५०४०० | ५१२०० | ८०० |
| ३ | लक्ष्मी प्रावि | ९४ | ३७६०० | ४२००० | ४४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | भगवती मा वि | १८३ | ७५८०० | ७९२०० | ३४०० |
| ५ | ज्वाला मावि | २०७ | ८३८०० | ८५६०० | १८०० |
| ६ | भैरव मावि | १७६ | ७०४०० | ७२८०० | २४०० |
| जम्मा | | ८३६ | ३३८००० | ३५२४०० | १४४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,४०० |

८४ **विद्यालयको अनुगमन नियमन व्यवस्था -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय मापदन्ड सम्बन्धि मापदन्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

८५ **न्यानो झोला खरिद -**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९/८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुगमन गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले रु. ३ लाख ५३ हजारमा ४०० थान न्यानो झोला खरिद गरेको पाईयो । खरिद भएका त्यस्ता झोलाहरु १०६ बढी भन्डारमा रहेको छ। खरिद भएका झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परिक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भन्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

८६ **औषधी खरिद -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष रु.२२ लाख ५५ हजारको औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधी कुन कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखे नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

• आपूर्ति भएका औषधी स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।

तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राखे, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राखे तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

---

८७ **वडा नं २ बाख्रा वितरण कार्यक्रम -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । भौ नं ३३६ मिति २०८०।१।१४ बाट पालिकाले वडा नं २ बाख्रा खरिद वितरण कार्यक्रम अन्तर्गत १२ वटा बाख्रा खरिद गरी रु.१,४५,५००/- भुक्तानी गरेको छ । खरिद गरिएका बाख्राको स्वास्थ्य परीक्षण र बीमा गराएको देखिएन । पालिकाले वितरण गरिएका बाख्राको स्वास्थ्य अवस्थाबारे अनुगमन गरी कृषकले बाख्रा पालनबाट उपलब्धी हासिल गरे नगरेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४५,५०० |

---

८८ **तरकारी खेती सिप विकास तालिम -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । भौ नं १०४।०७९।११।१४ बाट पालिकाले ५ दिने मौसमी तथा बेमौसमी तरकारी खेती सिप विकास तालिम अन्तर्गत सिलपोलिन प्लाष्टिक, हजारी र स्प्रे ट्याङ्की १० थान क्रमशः रु.७५,०००, रु.४,५०० र रु.३,८०० मा खरिद गरी भुक्तानी गरेको देखियो । तर उक्त सामाग्री वितरण, उपयोग, उपलब्धी तथा सोको अनुगमन निरीक्षण समेत नरहेकोले वितरण सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८३,३०० |

---

८९ **अनुगमन प्रतिवेदन -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्दछ । निम्न उल्लिखित सामाग्रीहरु खरिद गरी वितरण गरेकोमा वितरण भरपाई कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । साथै यस्तो खर्च लेख्दा निरीक्षण अनुगमन प्रतिवेदन लिने गरेको नपाइएकोले सो सामाग्रीको सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

| भौ नं।मिति | कार्यक्रम | विवरण | परिमाण | जम्मा रु |
|---|---|---|---|---|
| २६८।०७९।१२।२२ | ने रा आ वि इन्टरनेट जडान | कुर्सी चियर कुशन खरिद | - | २५००० |
| २७४।०७९।१२।२४ | तरकारी खेतीको बिउ बिजन खरिद | आलुको बिउ | ७०० के जी | ७०००० |
| २९४।०७९।१२।२९ | ७ नं वडाको बाख्रा वितरण कार्यक्रम | बाख्रा | १० वटा | १००००० |
| ३४६।०८०।१।२१ | बेमौसमी तरकारी विउ वितरण | मिनिकिट | ५०० सेट | १००००० |
| ५५७।०८०।३।२२ | कृषि मेशिनरी औजार आपूर्ति | हाते पंखा | २८ सेट | १९६००० |
| ५८२।०८०।३।२४ | आलु बिउ वितरण कार्यक्रम | आलुको बिउ | १५०० के जी | १५०००० |
| जम्मा रु | | | | ६४१००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४१,००० |

९० **अनुदानको अनुगमन -**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउ पूँजी तथा अनुदानमा खर्च हुने गरेको छ। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

९१ **कृषि समूह अनुदान -**

✍ ...........*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०४ को निर्णयबाट रु.१२,५०,००० सम्परीक्षण गरिएको ।)*

---

९२ **मूल्य अभिवृद्धि कर -**

मूल्य अभिबृद्धि कर नियमावली, २०५३ मा २०७६।२।१५ मा भएको एक्काइसौं संशोधनबाट थप भएको नियम ६ग मा ठेक्का वा करारअन्तर्गत वस्तु वा सेवा आपूर्तिबापतको मुल्य अभिवृद्धि कर भुक्तानी गर्दा मू.अ.कर रकमको ३० प्रतिशत कार्यालयबाट कट्टा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भुक्तानी गर्दा ३० प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु.५४,९६५/- कट्टा गरी दाखिला नगरेको हुँदा निज फर्महरुबाट मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| भौ नं।मिति | फर्मको नाम | बिल रकम | ३० प्रतिशत मूअकर |
|---|---|---|---|
| २५७।०७९।१२।८ | के ए मल्टिमिडिया प्रा लि | २४८५०५ | ८५७७ |
| ४८६।०८०।३।१७ | सिर्जना मेडिसिन सप्लायर्स | ८४८९६८ | ३३७५ |
| १४।०७९।११।२६ | प्रतिक कन्स्ट्रक्सन | ३९२४३५ | १३५३६ |
| १३।०७९।११।४ | भगवतिमाई कन्स्ट्रक्सन एण्ड रोशन निर्माण | ८५४०७६ | २९४७७ |
| जम्मा रु | | २३४३९८४ | ५४९६५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,९६५ |

---

९३ **सामाजिक सुरक्षा -**

---

९३.१ **रकम फिर्ता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(२) मा स्थानीय तहबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता रकम तोकिएको आर्थिक वर्षमा खर्च नभएमा वा लाभग्राहीको खातामा जम्मा हुन नसकेमा वा स्थानीय तहमा नगद मौज्दात भएमा आर्थिक वर्षको अन्त्यमा सो रकम संघिय संचित कोष दाखिला गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ताको लागि जम्मा रु.८,१८,१०,३६६/- निकासा भएकोमा रु.८,१८,१०,३६६।- बैंक मार्फत वितरण गरेको विवरण प्राप्त भएको छ।सो मध्ये बाँकी रकम रु.३,३४,०२४।- फिर्ता गरेको प्रमाण पेश गरेको छ ।

---

९३.२ **सार्वजनिक सुनुवाई र अनुगमन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ। पालिकाले सामाजिक सुरक्षा सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै बनाउनुपर्दछ। साथै सार्वजनिक सुनुवाई गरी लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

---

९३.३ **पारदर्शिता कामय गर्ने -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा-३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ। पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन ।

---

९३.४ **विवरण अध्यावधिक -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले समवन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ ।विवरण अध्यावधिक : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले समवन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ ।

---

९३.५ **लगत कट्टा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १०(२) बमोजिम स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल अभिलेख राख्नुपर्ने सो अभिलेखबाट प्रत्येक वर्ष मृत्यु भएका तथा वसाई सरेका तथा अन्य कुनै पनि कारणले भत्ता नपाउने लाभग्राहीको लगत कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो घटनाको सम्बन्धमा आवश्यक पहलकदमि नगरेको हुदा त्यस्ता व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च भए नभएको यकिन गर्न सकिएन।

---

## ९४ बैंक खाता छोरीको सुरक्षा जीवन भरिको -

बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ४ मा वि. सं. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मिएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु. १,०००।- र त्यसपछि मासिक रु.५,०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यमिक तहसम्मको अध्ययन पूरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलब्ध नगराउने समेत उल्लेख भएबाट पालिकाले रकम बैंकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनु जरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र बनाउनु पर्नेमा पालिकामा १०८ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रु. ५ लाख रकम पठाएको हुँदा आगामी वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ ।

---

## ९५ आलेप बाट कायम बेरुजु -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ (४) बमोजिम कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोरा, कायम भएको व्यहोरा र बेरुजु फस्यौट हुन बाँकी रहेको बेरुजुको विवरण अन्तिम लेखापरीक्षक समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा बाँकी रहेको बेरुजु मध्ये देहायका व्यहोराहरु प्रतिवेदनमा समावेश गरिएको छ :

**बिल भरपाई बेगर भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको भुक्तानी गर्दा बिल भरपाई संलग्न नरहेकोले असूल गर्नुपर्नेको हकमा असूल गर्ने र प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गर्नुपर्ने रु.

| भौ नं।मिति | भक्तानी पाउनेको नाम | पाउनुपर्ने | पाएको | फरक | कैफियत |
|---|---|---|---|---|---|
| १०३/ २०७९ / ०९ / २१ | एभरेष्ट कम्प्युटर | ४२७०० | ५५१४० | १२४४० | जिन्सी दाखिला नभएको |
| ३००/ २०७९ / १२ / २९ | झरना नर्सरी फर्म | १२७९० | १३८४० | १०५० | जिन्सी दाखिला नभएको |
| ०८/ २०७९ / ०६ / ०७ | भवानी कालीका कन्स्ट्रक्सन प्रा ली | ८७९७७०/ ६१ | ९८८९९ ८ | १०९२२७ | प्राविधिक बिल भन्दा बढी भुक्तानी गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| ७४/ २०८० / ०३ / २० | शुभ सर्जिकल एण्ड केमिकल सप्लार्यस | २५०००० | ३८९५०० | १३९५०० | अधिक मूल्यको बिजक पेश गरी भूक्तानी । |
| ३२२/ २०८० / ०३ / २४ | ज्वाला माध्यमिक विद्यालय | | ६४५५३७ | ६४५५३७ | जिन्सी दाखिला नभएको |
| ७७/ २०८० / ०३ / २२ | सफ्टेक ईन्फरमेसन प्रा ली | | २६३७४२ | २६३७४२ | जिन्सी दाखिला नभएको |
| १९७/ २०८० / ०२ / ३१ | भैरव मा वि | ४९१७१७ | ७२६४६० | २३४७४३ | जिन्सी दाखिला नभएको |
| ४८/ २०७९ / ०८ / १२ | इको कन्सर्न प्रा ली | ४६२७४ | ४९८६६ | ३५९२ | जिन्सी दाखिला नभएको |
| ३०६/ २०७९ / १२ / ३० | न्यू ज्वाला ट्रेडर्स एण्ड जनरल अर्डर सप्लायर्सल | ३७६२९ | ४२८८७ | ५२५८ | जिन्सी दाखिला नभएको |
| १७९/ २०८० / ०२ / ३१ | ज्वाला रेग्मी( बाराही ट्रेडर्स एण्ड सप्लायर्स बाट ) | | ९८५१५ | ९८५१५ | फर्जी विजक पेश गरी भुक्तानी लिएको। |
| ५१५/ २०८० / ०३ / १९ | च्यालेन्ज स्टेशनरी बुक्स हाउस एण्ड अर्डर सप्लायर्स | ३३५५० | ४८९५० | १५४०० | जिन्सी दाखिला नभएको |
| ३१४/ २०८० / ०१ / ०५ | थापा ट्रेडर्स एण्ड जनरल अर्डर सप्लायर्सल | २७४१६३ | ३१५९१४ | ४१७५१ | जिन्सी दाखिला नभएको |
| ४३८/ २०८० / ०३ / ०५ | सुजन भाडा पसल | ३८३४५ | ५४२८५ | १५९४० | जिन्सी दाखिला नभएको |
| २४१/ २०७९ / ११ / २९ | पुजन स्टोर्स एण्ड जनरल अर्डर सप्लायर्स | १५००० | १९००० | ४००० | जिन्सी दाखिला नभएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ५५२/ २०८० / ०३ / २२ | राजिव ट्रेर्डस एण्ड सप्लायर्स | ८५०० | २८००० | १९५०० | जिन्सी दाखिला नभएको |
| २३५/ २०८० / ०३ / २१ | मधुवन फर्नीचर उद्योग | १९१२५० | २३२११२ | ४०८६२ | जिन्सी दाखिला नभएको |
| १०२/ २०८० / ०३ / २४ | भैरव माध्यमिक विद्यालय | ११७०४९४।३८ | १२००००० | २९५०५ | प्राविधिक बिल भन्दा बढी भुक्तानी। |
| जम्मा | | | | १६८०५६२ | |

*(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०४ को निर्णयबाट रु.६५,७४६ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,८०,५६२ |

**अनुसूचीहरू**

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

**आर्थिक बर्ष-२०७९/८०**

**कार्यालय र स्थान -** भगवतीमाई गाउँपालिका, दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बखत बहादुर खड्का | २०७६-८-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पूर्ण बहादुर बुढा | २०७६-१-२ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण -

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,५१५,१७५ | ४८२,२६९ | १४,७०३,०३७.५ | ० | ० | २,५९०,००० |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | २३,२९०,४८१.५ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | ५,५४६,७७३ |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | १७,७४३,७०८.५ |

स्थानीय तह -

| गत बर्षको जिम्मेवारी | | ५३५७२६०८.४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३८६२७१५८ | चालु खर्च | २८१९८६६५८ |
| प्रदेश सरकारबाट अनुदान | ४३०६४१०२ | पूँजीगत खर्च | १६३३९३८६२.३४ |
| राजश्व बाँडफाँट | ४१३८२४६८.४२ | वित्तीय/अन्य व्यवस्था | ७४०१३२५३.८४ |
| आन्तरिक आय | ४६४३५६३.५६ | | |
| अन्य आय | १०५९४२०६७.३४ | | |
| कुल आय | ५३३६५९३५९.३२ | कुल खर्च | ५१९३९३७७४.१८ |
| बाँकी मौज्दात | | ६७८३८१९३.५४ | |